नेपाल सरकार

# राष्ट्रिय योजना आयोगको सचिवालय

## प्रेस बिज्ञप्ति

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. स्वर्णिम वाग्लेले आज मिति २०७४/०४/२२ गते आइतबार औपचारिक पदबहाली गर्नु भयो । यस सचिवालयले आयोजना गरेको स्वागत कार्यक्रममा यस सचिवालयका सचिव श्री बिष्णुप्रसाद लम्सालले आयोग पदाधिकारी तथा कर्मचारीको तर्फबाट बधाई तथा स्वागत गर्नुभएको थियो । उक्त स्वागत कार्यक्रममा उपस्थित आयोग पदाधिकारी तथा कर्मचारीहरुलाई निर्देशन दिनु हुँदै वहाँले आफ्नो कार्यकालमा सम्पन्न गर्नुपर्ने प्राथमिकताका बारे चर्चा गर्नु भयो । राष्ट्रिय योजना आयोगको पुन:संरचना गर्ने, मुलुकको दीर्घकालिन सोच तयार गर्ने, सहकार्यात्मक संघीयता बमोजिम प्रदेश र स्थानीय तहको क्षमता बिकास गर्ने, सार्वजनिक खर्च र वित्तीय अनुशासनलाई सुदृढ ग़र्दै आर्थिक सुधारका कार्यहरु आगाडि बढाउने, रणनीतिक पूर्वाधार बिकासमा समन्वय गर्ने, तथ्यमा आधारित नीति निर्माण गर्न अनुगमन मुल्यांकन तथा तथ्यांक प्रणालीको सुदृढीकरण गर्ने कार्यहरु प्रमुख रहेका छन् ।साथै, यी कार्यहरु सम्पन्न गर्न आयोगका पदाधिकारी तथा कर्मचारीहरुलाई इमान्दारी, निष्ठा र क्षमता प्रदर्शन गर्दै कामकाज सम्पन्न गर्न समेत निर्देशन दिनु भयो ।

उक्त कार्यक्रम पश्चात वहाँको अध्यक्षतामा बसेको राष्ट्रिय योजना आयोगको बैठकले देहाय बमोजिम निर्णय गरेको थियो ।

१. आयोगका नवनियुक्त माननीय उपाध्यक्ष डा. स्वर्णिम वाग्लेलाई आयोगका सदस्यहरु तथा सदस्य सचिवबाट हार्दिक बधाइ ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना दिइयो । साथै, आयोगका निवर्तमान उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठलाई उहाँले गर्नुभएको सेवा तथा पुर्‍याउनु भएको योगदानका लागि धन्यबाद ज्ञापन गरियो ।

२. संघीय संरचना अनुकूल हुनेगरी तीनै तहका सरकारका योजना प्रक्रिया र तहगत योजनाहरुवीचको अन्तरसम्बन्धको स्वरुप निर्धारण गर्ने । साथै, विगतमा भएका कार्यहरुलाई संश्लेषण गर्दै योजना आयोग तथा आयोगको सचिवालयको पुन:संरचना तीन महिनाभित्र टुंग्याउने ।

३. नेपाललाई अल्पविकसित राष्ट्रहरुको समूहबाट स्तरोन्नति र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रको स्तरमा पुर्‍याउने गरी सहभागितामूलक हिसाबले दीर्घकालिन विकासको सोच तथा योजना २०७४ मार्ग मसान्तभित्र मस्यौदा गर्ने ।

४. मुलुकको आर्थिक सम्बृद्धिका निमित्त आबश्यक पर्ने रणनीतिक पूर्वाधार र उत्पादनमूलक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जनाका लागि नीतिगत, कानुनी तथा अन्य आर्थिक सुधारका कार्यक्रमहरु शीघ्र अगाडि बढाउने ।

तुलसी प्रसाद गौतम
सहसचिव एवं प्रवक्ता